# व्यापारका लागि सहयोगको मूल्याङ्कन

अभियान संवाददाता

पुस ४,काठमाडौं । साउथ एशियन वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायोरोन्मेण्ट (सावती) ले इण्टरनेशनल सेण्टर फर ट्रेड एण्ड सष्टेनेवल डेभलपमेण्ट (आईसीटीएसडी) सँगको सहकार्यमा नेपालमा व्यापारका लागि सहयोग कार्यक्रमको प्रभावकारिताका विषयमा अध्ययन गर्ने भएको छ । सावतीले मङ्गलवार काठमाडौंमा एक कार्यक्रमको आयोजना गरेर सो अनुसन्धान गर्ने बताएको हो । सन् २००५ मा हङकङमा सम्पन्न विश्व व्यापार सङगठनको ५औं मन्त्रीस्तरीय बैठकको निर्णयपछि व्यापारका लागि सहयोग कार्यक्रम लागू भएको हो ।

कार्यक्रम शुरू भएको ५ वर्षको अवधिमा यसको प्रभावकारिताका विषयमा विश्वव्यापी रूपमा समयसमयमा मूल्याङ्कन भए पनि देशगत रूपमा पहिलोपटक आईसीटीएसडीको सहकार्यमा सावतीले नेपाललगायत ६ देशमा अध्ययन गर्न लागेको सावतीका कार्यकारी अध्यक्ष डा. पोषराज पाण्डेले बताए ।

अध्ययनको आधारपत्र प्रस्तुत गर्दै सावतीका महासचिव रत्नाकर अधिकारीले अध्ययनमा प्रयोग गरिने अनुसन्धान विधि, मापन गरिने परिसूचक र सङ्कलन गरिने तथ्याङ्कका स्रोतका विषयमा प्रकाश पारेका थिए । पाँच वर्षको अवधिमा व्यापारका लागि सहयोग कार्यक्रमअन्तर्गत खर्च भएको कूल रकमको ७० प्रतिशत हिस्सा २० देशमा मात्रै गएकाले नेपाल लगायतका अन्य देशहरुमा कार्यक्रमले अपेक्षाकृत प्रतिफल दिन नसकेको अधिकारीले बताए । 'व्यापारका लागि सहयोग कार्यक्रमको उद्देश्य प्रतिस्पर्धात्मक क्षमता कम भएका मुलुकलाई अनुदान दिने भएपनि पहिले नै उच्च ऋणभार भएका देशहरू (एचआइपीसी)मा थप ऋण बढेको छ,' उनले भने । पाँच वर्षको अवधिमा व्यापारका लागि सहयोग कार्यक्रमअन्तर्गत ऋणको अंश वार्षिक ४३ प्रतिशतले बढेको छ भने अनुदानको अंश वार्षिक २१ प्रतिशतले मात्रै बढेको देखिन्छ ।

सो कार्यक्रममा निजी क्षेत्रको तर्फबाट बोल्दै नेपाल उद्योग वाणिज्य सङ्घका अध्यक्ष कुशकुमार जोशीले कुनै पनि विकास कार्यक्रमको प्रत्यक्ष प्रभाव देशको व्यवसायिक क्षेत्र र सर्वसाधारणको जीवनस्तरमा देखिनुपर्ने बताए । नेपालको सन्दर्भमा जति सहयोग आएपनि व्यवसायिक क्षेत्रको विस्तार हुन र सर्वसाधारणको जीवनस्तरमा सुधार आउन नसकेको जोशीको तर्क छ ।

सोही कार्यक्रममा बोल्दै वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिव चन्द्र घिमिरेले दाताहरूबाट प्राप्त सहयोग बाँडेर खर्च गर्ने गरिएकाले त्यसको प्रभावकारिता न्यून भएको बताए । 'व्यापारमा आएको सहयोग प्रतिस्पर्धात्मक फाइदा भएका वस्तुको छनौट गरी त्यसैको भ्यालु चेन विस्तार गर्नमा खर्च गर्नुपर्छ,' उनले भने । त्यसैगरी अर्थशास्त्री तथा त्रिभुवन विश्व विद्यालयका प्राध्यापक विश्वम्भर प्याकुर्‍यालले व्यापारका लागि सहयोगको प्रभावकारिता मूल्याङ्कन गर्ने समय भइनसकेको बताए । 'प्राविधिक उकरणहरूको प्रयोग गरेर गरेको छोटो समयको अध्ययनको परिणाम फलदायक नहुन सक्छ,' उनले भने । नेपालको सहयोग ग्रहण क्षमता कम भएर पनि व्यापारका लागि सहयोग कार्यक्रमको उपलब्धि कम देखिएको हुन सक्ने उनको तर्क छ ।

कार्यक्रमका प्रमुख अतिथि तथा नेपाल सरकारका मुख्य सचिव माधवप्रसाद घिमिरेले वैदेशिक सहयोगमा भर पर्ने बानी बसेकाले सरकारी क्षेत्रको कार्यसम्पादन उत्पादनशील हुन नसकेको बताए । 'दाताहरूको सर्तसहितका सहयोगमा भर पर्ने बानीले सरकारी संयन्त्र कमजोर बनेको छ,' उनले भने, 'त्यसकारण, निजी क्षेत्रले आफ्नो व्यवसाय विस्तारमा सहयोगको अपेक्षा गर्नु भनेको सरकारी संस्थानहरूको बाटोमा हिड्न खोज्नु हो ।'